# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।१०।२३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

नापी कार्यालय, वीरगञ्ज, पर्सामा कार्यरत सर्भेक्षक राम नरेश पासवानले जग्गा हालसाबिक गरी पुनःनापीको जग्गाधनी प्रमाणपूर्जा बनाइदिने भनी बिभिन्न बहाना गरी सेवाग्राहीसँग पटक-पटक घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाबाट खटिई गएको टोलीले निज सर्भेक्षक राम नरेश पासवानलाई रु.७५,०००/- (पचहत्तर हजार) घुस/रिसवत लिदैंगर्दाको अबस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा सर्भेक्षक राम नरेश पासवानले सेवाग्राहीको जग्गा हालसाबिक गरी नयाँ पूर्जा मिलाइदिने भनी रु. ७५,०००।— (पचहत्तर हजार) घुस/रिसवत लिई दशीसाथ पक्राउ परेको भन्ने तथ्य निर्विवाद पुष्टि हुन आएकोले निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर भएको हुँदा निज राम नरेश पासवानलाई बिगो रु. ७५,०००।— कामय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता
प्रदीपकुमार कोइराला